Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI : https://doi.org/10.3126/anweshan.v3i1.81977
Research Article
ISSN: 3021-9035 Print

# सामाजिकशास्त्र अध्ययनका नयाँ आयामहरू

प्रा. डा. शम्भुप्रसाद खतिवडा
geography.dmc@gmail.com

## लेखसार

यो अध्ययन सामाजिकशास्त्र अध्ययनका नयाँ आयामहरूको खोज तथा विश्लेषणमा केन्द्रित रहेको छ। अध्ययनको मुख्य उद्देश्य सामाजिकशास्त्रको ऐतिहासिक विकासक्रम, समकालीन प्रवृत्ति र नयाँ शैक्षिक आवश्यकताको समालोचनात्मक समीक्षा गर्नु रहेको छ। यस अध्ययनले विशेषतः सामाजिकशास्त्र अध्ययनका परम्परागत विषयहरू (जस्तै समाजशास्त्र, राजनीति, इतिहास, भूगोल, अर्थशास्त्र, मानवशास्त्र र मनोविज्ञान) मा देखिएका अन्तर्विषयगत सम्बन्ध र समावेशी दृष्टिकोणको पहिचान गर्न खोजेको छ । यसले अनुसन्धान प्रश्नहरूले नयाँ सन्दर्भमा सामाजिकशास्त्रलाई कसरी समसामयिक, सान्दर्भिक र न्यायपूर्ण बनाउन सकिन्छ भन्ने उत्तर खोजी गरेको छ। त्यो उद्देश्य र प्रश्नहरू सम्बोधन गर्न गुणात्मक अनुसन्धान विधि अपनाइएको छ, जसअन्तर्गत गहन अन्तरवार्ता, लक्षित समूह छलफल, दस्तावेज विश्लेषण आदिलाई प्रमुख उपकरणका रूपमा प्रयोग गरिएको छ। यस क्रममा पाठ्यक्रम, नीति, शैक्षिक सन्दर्भग्रन्थ तथा सैद्धान्तिक लेखहरू अध्ययन गरिएका छन्। अध्ययनबाट प्राप्त निष्कर्षले औपनिवेशिक प्रभावबाट निर्मित युरोपकेन्द्रित दृष्टिकोणहरूले एशियाली र स्थानीय सन्दर्भमा आधारित सामाजिकशास्त्रलाई ओझेलमा पारेको छ। तर पछिल्ला वर्षहरूमा उत्तरऔपनिवेशिक सोच, डिजिटल साक्षरता, समावेशी नीति, र स्थानिक (वैश्विक) दृष्टिकोणको समायोजनले सामाजिकशास्त्र अध्ययनलाई नयाँ दिशा प्रदान गरिरहेको छ। यो प्रवृत्तिले सामाजिकशास्त्र अध्ययनलाई अझ सशक्त, न्यायपूर्ण र परिवर्तनशील ज्ञान प्रणालीका रूपमा स्थापित गर्ने सम्भावना देखिएको छ।

## शब्दकुञ्जी

समवेशीकरण, गरिबी, सामाजिक न्याय, नयाँ ज्ञान, विचारका शैलीहरू, शैक्षिक महत्त्व

## विषय प्रवेश

सामाजिकशास्त्र (Social sciences) शब्द ल्याटिन भाषाको Socius (साथी/समाज) र Scientia (ज्ञान/विज्ञान) बाट व्युत्पन्न भएको हो, जसले मानव समाज, सामाजिक सम्बन्ध, व्यवहार र संस्थाहरूको वैज्ञानिक अध्ययन गर्ने ज्ञान प्रणालीलाई जनाउँछ (माइकेलिस र जोनस्टन, १९६५)। सामाजिकशास्त्रको प्रारम्भिक अभ्यास प्राचीन सभ्यताहरू (ग्रीस, चीन, भारत, र इस्लामिक विश्वमा) दार्शनिक दृष्टिकोणबाट सुरु भएको देखिए तापनि यसको औपचारिक र संस्थागत स्वरूप १८ औँ शताब्दीको उत्तरार्धमा युरोपेली बौद्धिक विकास (Enlighment) सँगै देखा परेको पाइन्छ (गुथ्री, १९८१; आउट्रम, २०१३)। सामाजिकशास्त्र मानव समाजको अध्ययनमा आधारित विषयगत ज्ञान प्रणाली हो, जसले वैज्ञानिक तबरले मानिसहरूका व्यवहार तथा सामाजिक संरचना र संस्थाहरूको अध्ययन गर्दछ। माइकेलिस तथा जोनस्टन (१९६५) का अनुसार सामाजिकशास्त्र विभिन्न सामाजिक विषयहरूको समूह हो, जसले मानव समाजमा क्रियाशील विविध पक्षहरूको विश्लेषण गर्छ। कोल्यान्डर र हन्ट (२०२२) ले सामाजिकशास्त्रलाई मानिस र वातावरणका बिचको अन्तर्क्रियात्मक सम्बन्धको वैज्ञानिक अध्ययन गर्ने

प्रणालीका रूपमा परिभाषित गरेका छन्। यसले सामाजिक व्यवहार, सामाजिक संस्था, मूल्य, संस्कृति, सत्ता सम्बन्ध र नीति निर्माणसम्मका विषयहरू समेट्दछ । एशियन मूलुकहरूमा प्राचीन कालदेखि नै सामाजिकशास्त्रभित्र कन्फ्युसियस (चीन) ले नैतिकता, पारिवारिक सम्बन्ध र सामाजिक जिम्मेवारीको शिक्षा माथि जोड दिएको पाइन्छ। यसका साथसाथै इब्न खालदुन (इस्लामिक विश्व) ले ऐतिहासिक र सामाजिक प्रक्रियाको वैज्ञानिक व्याख्या गर्ने कोसिस गरेका थिए। वात्सायन (भारत) ले मानव यौनता, सामाजिक संरचना र दाम्पत्य सम्बन्धबारे विश्लेषण गरेको पाइन्छ (गुथ्री, १९८१) । यसरी सामाजिकशास्त्रका यी परिभाषाहरूले यसको गहिराइ, विविधता र व्यवहाप्रतिको वैज्ञानिक दृष्टिकोण उजागर गरेको देखिन्छ।

यी विभिन्न परिवेशहरूले सामाजिकशास्त्रको स्वरूपलाई बहुआयामिक, अन्तर्विषयगत र परिवर्तनशील बनाउँदै लगेको देखिन्छ । पहिलो, सामाजिकशास्त्रले बहुविषयगत दृष्टिकोण अपनाउँदै समाजशास्त्रदेखि राजनीतिशास्त्र, अर्थशास्त्रदेखि मनोविज्ञानसम्मका विभिन्न विषयहरू एकसाथ अध्ययन गर्छ। दोस्रो, सामाजिकशास्त्र मानव व्यवहार केन्द्रित हुन्छ; जसले सामाजिक व्यवहार, सम्बन्ध, मूल्य तथा परिवर्तनका साथै तर्कसङ्गत तरिकाले अध्ययन गर्छ; जसले तथ्य, प्रमाण, निरीक्षण र विश्लेषणमा आधारित गुणात्मक र परिमाणात्मक अनुसन्धान विधिहरू प्रयोग गर्छ। चौथो, सामाजिकशास्त्रले सामाजिक रूपान्तरणमा योगदान दिन्छ; जसले गर्दा सामाजिक समस्याहरूको पहिचान गरेर समाधानका उपायहरूको खोजी गर्छ । अन्ततः सामाजिकशास्त्रको स्वरूप समय, सन्दर्भ, संस्कृति र प्रविधिको परिवर्तनसँगै विकसित हुने गतिशील प्रकृतिको हुन्छ। वर्तमान समयमा शैक्षिक ज्ञानलाई विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM0, सृजनशील कला तथा कम्प्युटर एडेड डिजाइन (CAD) विषयहरू ( डिजाइन, कला, चलचित्र, नाटक, मिडियाआदि), मानविकी (इतिहास, दर्शन, भाषा र धर्मशास्त्र सहित) र सामाजिक विज्ञान (भूगोल, अर्थशास्त्र, राजनीति विज्ञान, मानवशास्त्र, समाजशास्त्र, शिक्षा, लेखा आदि) चार समूहमा विभाजन गरेको पाइन्छ (बास्टो, डनलीभी र टिङ्कलर, २०१४)।

नेपालमा सामाजिकशास्त्रको औपचारिक शिक्षा दरबार हाइस्कुल (१८५३) र त्रिचन्द्र कलेज (१९१८) को स्थापनासँगै सुरु भएको मानिन्छ; त्रिभुवन विश्वविद्यालय (१९५९) को स्थापनापछि यसको उच्च शैक्षिक विस्तार भएको पाइन्छ (शर्मा, २०२४)। हाल नेपालमा मानविकी तथा शिक्षा सङ्कायअन्तर्गत ३० भन्दा बढी स्नातक र ३६ स्नातकोत्तर कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, तर तीमध्ये अधिकांश पाठ्यक्रम, सामग्री र प्रविधिहरू पश्चिमी मोडेलमा आधारित देखिन्छन्। यद्यपि स्थानीय सन्दर्भ, भाषा, संस्कृति र समाजसँगको अन्तःसम्बन्धको अध्ययन अपेक्षित रूपमा समावेश भएको देखिँदैन । तर अहिले विद्यालय तहमा सामाजिकशास्त्रका अवधारणाहरू सामाजिक अध्ययनको विषयभित्र सामावेश गरिएको छ। सामाजिक अध्ययनको बलियो आधार अन्तर्विषयगत (interdisciplinary) स्वरूप हो (पन्त, २०१८; जोशी, २०१९; मेहता, २०२०; शर्मा र शुक्ला, २०२३) । आजको विश्व प्रविधियुक्त, बहुसांस्कृतिक र डिजिटल युगमा सामाजिकशास्त्रका पारम्परिक अवधारणाहरू पुनः मूल्याङ्कन गर्न आवश्यक देखिन्छ। सूचना र सञ्चार प्रविधि, STEM शिक्षा, डिजिटल डिजाइन, जलवायु परिवर्तन, लैङ्गिक समावेशिता, प्रवास, द्वन्द्व समाधान र सार्वजनिक नीति निर्माण आदि बहुआयामिक विषयहरूमा सामाजिकशास्त्रको भूमिका अझै व्यापक हुँदै आएको देखिन्छ (फेयरबैङ्क, १९७८; सईद, १९७८; कोल्यान्डर र हन्ट, २०२२)। तर पछिल्लो समयमा विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित (STEM) र कम्प्युटरमा आधारित सृजनात्मक विधाहरूको बढ्दो प्रभावले सामाजिकशास्त्र अध्ययनका मूलधारका विषयहरू ओझेलमा परिरहेको देखिन्छ।

अहिले सामाजिक विज्ञानको विषय क्षेत्रमा द्रुत गतिले परिवर्तन आइरहेको देखिन्छ। बदलिदो परिस्थितिमा संसार बुझ्न, आलोचनात्मक सोचको विकास गर्न तथा उपकरणहरूको प्रयोग गर्न गहिरो ज्ञान आवश्यक हुन्छ। सामाजिक विज्ञानमा आएको यस्तो नवीनतम ज्ञानले व्यक्तिलाई समझदार नागरिक बन्न, लोकतान्त्रिक समाज तथा दिगो

विकासमा योगदान दिन सक्षम बनाउँछ (गिडेन्स, २००६)। त्यसैले सामाजिक विज्ञानलाई शिक्षा र सार्वजनिक नीतिमा समावेश गर्नुपर्ने देखिन्छ (ह्यामर्स्ली, २०१३) । वर्तमान समयमा सामाजिक विज्ञानले हिंसात्मक अपराध, वैकल्पिक ऊर्जा, लैङ्गिक समानता, साइबर सुरक्षा आदि विषयहरू पनि समावेश गरेको पाइन्छ (गिडेन्स, १९८४; लाइवब्यर्ज, २००१; भाम्बरा २००७; नसबाम, २०१०)। यस सन्दर्भमा, सामाजिकशास्त्रको अध्ययनमा स्थानीय सन्दर्भमा आधारित अनुसन्धान, नीति निर्माण र शैक्षिक पुनर्संरचनाको आवश्यकता महसुस हुँदै आएको छ । यो अध्ययनले सामाजिकशास्त्र  शिक्षामा देखिएका नयाँ प्रवृत्तिहरूको विश्लेषण गर्दै वर्तमान विश्व परिवेशमा त्यसको स्थान, सम्भावना र प्रयोगका नयाँ आयामहरू स्पष्ट गर्ने उद्देश्य राखेको छ।

सामाजिकशास्त्रको ऐतिहासिक विकासले मानव समाज, व्यवहार र संरचनाको वैज्ञानिक अध्ययनमा महत्त्वपूर्ण योगदान दिँदै आएको पाइन्छ। तर नेपालमा सामाजिकशास्त्र विषयका पाठ्यक्रमहरू अझै पनि पश्चिमी सन्दर्भ, संरचना तथा सिद्धान्तहरूमा आधारित देखिन्छन्, जसले स्थानीय सामाजिक सन्दर्भ, भाषा, संस्कृति र समुदायका समस्यालाई आवश्यक प्राथमिकता दिन सकेको छैन (युनेस्को, १९८४; लूम्बा, २००५; पन्त, २०१८; जोशी, २०१९; मेहता, २०२०; शर्मा र शुक्ला, २०२३; शर्मा, २०२४)। अर्कोतर्फ, परिवर्तित विश्व सन्दर्भमा STEM शिक्षा, डिजिटल डिजाइन, कृत्रिम बुद्धिमत्ता, सूचना प्रविधि र अन्तरसम्बद्ध विश्वव्यवस्थाको तीव्र विकाससँगै सामाजिकशास्त्रका विषयहरू ओझेलमा पर्दै गएका छन्। विद्यालय र विश्वविद्यालयस्तरमा विज्ञान र प्रविधिकेन्द्रित विषयहरू मुख्य मान्दा सामाजिकशास्त्रको उपयोगिता र सान्दर्भिकतामाथि प्रश्न उठ्न थालेको छ। यससँगै शिक्षण विधिमा प्रविधिको प्रयोग, अन्तर्विषयगत दृष्टिकोण र नीति निर्माणमा सामाजिकशास्त्रको भूमिका कति प्रभावकारी छ भन्ने प्रश्न थप सान्दर्भिक बन्दै गएको छ।

यो सन्दर्भमा सामाजिकशास्त्रको अध्ययनमा आएका नयाँ आयामहरू (जस्तै– डिजिटल साक्षरता, प्रविधि प्रयोग, र समसामयिक सामाजिक चुनौतीहरू) को अध्ययनलाई शैक्षिक अभ्यासमा कसरी प्रभावकारी रूपमा समेट्न सकिन्छ भन्ने स्पष्ट अध्ययन र विश्लेषणको आवश्यकता रहेको देखिए पनि अहिलेसम्म भएका अध्ययनहरूले यी परिवर्तित सन्दर्भहरूलाई अन्तर्विषयगत, स्थानिक सन्दर्भमा आधारित र नवीन प्रवृत्तिको प्रभावमूलक विश्लेषण गरेको देखिँदैन। यी विषय सामाजिकशास्त्र अध्ययनका नयाँ आयामहरूको अनुसन्धानात्मक अन्तर (research gap) रहेको देखिन्छ। यसैले यो अध्ययनमा सामाजिकशास्त्र अध्ययनको पुनः संरचनाका लागि आवश्यक रणनीति, प्रविधि र संरचनाको खोजी गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ।

यो अध्ययनको साधारण उद्देश्य सामाजिकशास्त्र अध्ययनका नयाँ आयामहरूको विश्लेषण गर्नु रहेको छ। यसका विशिष्ट उद्देश्यहरू  यस प्रकार रहेका छन्–

१. सामाजिकशास्त्र अध्ययनको ऐतिहासिक विकास तथा वर्तमान प्रवृत्तिहरूको विश्लेषण गर्नु।
२. डिजिटल साक्षरता, सूचना र सञ्चार प्रविधिको प्रयोगले सामाजिकशास्त्रमा आएका नयाँ आयामहरूको पहिचान गर्नु।
३. STEM शिक्षा र डिजाइनकेन्द्रित प्रवृत्तिले सामाजिकशास्त्र शिक्षामा पारेको प्रभावको समीक्षा गर्नु।
४. विश्वव्यापीकरण, उदारीकरण र बजारीकरणका प्रभावले सामाजिकशास्त्रका परम्परागत विषयहरूमा पारेको असर विश्लेषण गर्नु।

## *अनुसन्धान प्रश्नहरू*

१. सामाजिकशास्त्रको अध्ययन परम्परागत रूपमा कसरी विकास भएको थियो र हाल कस्ता नयाँ आयामहरू देखा परेका छन्?
२. सूचना तथा सञ्चार प्रविधिको विकासले सामाजिकशास्त्र अध्ययनमा के कस्ता परिवर्तन ल्याएको छ?
३. STEM र डिजिटल डिजाइनको बढ्दो महत्त्वले सामाजिकशास्त्रका मूल धारका विषयहरूमा कस्तो प्रभाव पारेको छ?
४. सामाजिकशास्त्रको समकालीन अध्ययनमा विश्वव्यापीकरण र बजारीकरणको भूमिका के देखिन्छ ?
५. सामाजिकशास्त्र अध्ययनलाई वर्तमान युगमा सशक्त, सान्दर्भिक र आकर्षक बनाउने उपायहरू के हुन सक्छन् ?

आजको विश्व परिवेशमा सामाजिकशास्त्रको भूमिका अझै महत्त्वपूर्ण बन्दै गएको देखिन्छ। यसले जलवायु

परिवर्तन, प्रवास, लैङ्गिक समानता, सूचना प्रविधिको प्रभाव, शान्ति र द्वन्द्व समाधान, सार्वजनिक नीति निर्माणजस्ता जटिल विषयहरूमा अनुसन्धान गरेर दीर्घकालीन समाधानको मार्ग देखाउन मद्दत गर्छ। सामाजिक न्याय, समावेशी विकास र दिगो भविष्यका लागि सामाजिकशास्त्रको अध्ययन अपरिहार्य हुँदै आएको देखिन्छ। यो सन्दर्भमा यो अध्ययनले वर्तमान विश्वसन्दर्भमा सामाजिकशास्त्र अध्ययनको महत्त्व पुनः परिभाषित गर्न मद्दत पुऱ्याउनेछ। विशेषतः डिजिटल युग, प्रविधिप्रेरित शिक्षा र भूमण्डलीकृत सन्दर्भमा सामाजिकशास्त्र अध्ययनको भूमिका, चुनौती र सम्भावनाहरूको गहिरो विश्लेषणमार्फत यो अध्ययनले नीति निर्माणकर्ताहरू, शैक्षिक संस्थाहरू, पाठ्यक्रम विकासकर्ता र शिक्षकमाझ चेतना अभिवृद्धि गर्नेछ। साथै यसले सामाजिकशास्त्रलाई STEM जस्तै अन्य शैक्षिक प्रवृत्तिहरूको प्रभावको सन्तुलित विश्लेषण गर्दै नयाँ दिशासमेत पहिचान गरेको छ।

यो अध्ययनको मुख्य सीमा त्रिभुवन विश्वविद्यालयको शिक्षा सङ्कायका स्नातकोत्तर (M.Ed.) र एमफिल (MPhil) तहमा सामाजिकशास्त्र अध्ययन गरिरहेका विद्यार्थी तथा अध्यापन गराउने शिक्षकहरूमा सीमित गरिएको छ। यसले उच्च शिक्षा तहमा सामाजिकशास्त्र अध्ययनमा देखिएका नयाँ प्रवृत्तिहरू (जस्तै– डिजिटल साक्षरता, STEM शिक्षा, ICT प्रयोग, डिजाइनकेन्द्रित प्रवृत्ति) ले कसरी प्रभाव पारिरहेका छन् भन्ने विश्लेषण गर्न मद्दत पुऱ्याउनेछ। अध्ययनले नेपालको भौगोलिक क्षेत्रलाई मात्र समेटेको छ। विशेषतः त्रिभुवन विश्वविद्यालय शिक्षा सङ्कायअन्तर्गत शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा केन्द्रित रहेको छ। यद्यपि सामाजिकशास्त्र अध्ययनका सन्दर्भमा विश्वव्यापी प्रवृत्तिहरूको सन्दर्भ पनि उल्लेख गरिएको छ।

यस अध्ययनमा STEM शिक्षा, सूचना तथा सञ्चार प्रविधि (ICT) तथा डिजिटल डिजाइनकेन्द्रित अध्ययनले सामाजिकशास्त्र अध्ययनका मूल विषयहरूमा पारेको प्रभावलाई मात्र विश्लेषण गरिएको छ। अन्य शैक्षिक क्षेत्रहरू (जस्तै– प्राविधिक शिक्षा, चिकित्सा वा कृषि शिक्षा) यो अध्ययनको सीमाभित्र पर्दैनन्।

यो अध्ययनमा साहित्य समीक्षाले सामाजिकशास्त्र अध्ययनको नयाँ आयामहरूमा सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरिएको छ। विभिन्न विद्वान्हरूले सामाजिकशास्त्र अध्ययका समकालीन विश्लेषणमा प्रयोग गरेका नवआयामले पूर्ण बनाउन महत्त्वपूर्ण ढाँचाहरू प्रदान गरेका छन्। यी सैद्धान्तिक संरचनाहरूले सामाजिकशास्त्र अध्ययनलाई स्थानिक र वैश्विक सन्दर्भमा पुनः परिभाषित गर्न, परम्परागत तथा आधुनिक ज्ञानबिच सन्तुलन कायम राख्न र STEM, डिजिटल साक्षरता र बजारोन्मुख शिक्षा प्रणालीसँग जोड्न मार्गदर्शन गर्छन्। समकालीन सामाजिकशास्त्रले मानव अनुभव, न्याय, समावेशिता, प्रविधि र शक्तिसम्बन्धी विषयहरू बहुआयामिक दृष्टिकोणबाट बुझ्नुपर्ने आवश्यकतामा जोड दिएको पाइन्छ। यो पृष्ठभूमिमा यी सैद्धान्तिक आधारहरूले सामाजिक विज्ञान अध्ययनलाई पुनः सशक्त, सान्दर्भिक र उत्तरऔपनिवेशिक दिशामा विकास गर्न साहित्यिक समीक्षा तथा व्याख्यात्मक उपकरणका रूपमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

ऐतिहासिक विकास तथा सामाजिक विज्ञानको बहुआयामिक रूपअन्तर्गत सामाजिक विज्ञानको विकास प्लेटो, एरिस्टोटल, कन्फ्युसियस, इब्न खालदुन र वात्सायनजस्ता प्राचीन चिन्तकहरूको दार्शनिक दृष्टिकोणबाट सुरु भएको पाइन्छ (गुथ्री, १९८१)। तर १९औँ शताब्दीमा अगस्ट कोम्प्टले सामाजिक विज्ञानलाई एक वैज्ञानिक अनुशासनका रूपमा स्थापन गरेपछि यसको रूप संस्थागत भयो (टर्नर, १९९३)। सामाजिक विज्ञान एएटा अन्तर्विषयीय ज्ञान प्रणाली हो, जसले मानव समाजका संरचना, सम्बन्ध, संस्थाहरू र व्यवहारको अध्ययन गर्छ। वर्तमानमा यसले समाजको ऐतिहासिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र मनोवैज्ञानिक आयामहरू समेट्दै एक बहुआयामिक रूप ग्रहण गरिरहेको छ (माइकेलिस र जोनस्टन, १९६५)।

डजिटल साक्षरता र सूचना प्रविधिको प्रभावअन्तर्गत डिमाजियो र हारगिटाई (२००१) द्वारा प्रतिपादित डिजिटल असमानता सिद्धान्तले प्रविधिमा पहुँच मात्र नभएर त्यसको गुणस्तरीय उपयोगमा पनि सामाजिक असमानता विद्यमान हुने देखाएका छन्। सामाजिकशास्त्र अध्ययनमा पहुँचमा असमानता (प्रविधिमा भौतिक पहुँच नहुनु), उपयोगमा

असमानता (प्रविधि प्रयोग गर्न आवश्यक सिप अथवा साक्षरताको कमी), अवसरको असमानता (प्रविधिबाट लाभ उठाउने अवसरमा अन्तर) र प्रभावको असमानता (प्रविधिको प्रयोगपछि हुने सामाजिक–आर्थिक परिवर्तनमा देखिने भिन्नता) अनुसन्धान र शिक्षण–सिकाइ प्रक्रियामा नयाँ युग आरम्भ गराएको छ । तर प्रविधिको उपयोगमा ग्रामीण–सहरी, धनी–गरिब, अथवा लैङ्गिक विभेदजस्ता डिजिटल खाडलहरूका रूपमा देखिएका छन् ।


STEM र डिजाइन–केन्द्रित शिक्षा र सामाजिकशास्त्र ध्ययनमा विकसित देशहरूले २१औँ शताब्दीमा विज्ञान (Science), प्रविधि (Technology), इन्जिनियरिङ (Engineering) र गणित (Mathematics) विषयहरूको एकीकृत अध्ययनलाई जोड दिइरहेका छन् । यो शिक्षाले अनुसन्धानमूलक सोच, समस्या समाधान गर्ने क्षमता, नवप्रवर्तनशीलता र २१ औँ शताब्दीका सिपहरू विकास गर्ने उद्देश्य राखेको देखिन्छ। यसले विश्वव्यापी प्रतिस्पर्धात्मक वातावरणमा STEM शिक्षाले विज्ञान र प्रविधिमा आधारित रोजगारीका लागि तयार पार्ने मात्र नभएर सामाजिक, आर्थिक तथा वातावरणीय समस्याहरूको नवीन समाधान खोज्ने नेतृत्व क्षमता पनि विकास गर्ने लक्ष्य राखेको छ (याकम्यान, २००८)। नेपालजस्ता विकासशील मुलुकका लागि STEM शिक्षा आर्थिक विकास, नवप्रवर्तन र समावेशी प्रविधि प्रयोगको आधार बन्ने सम्भावना बोकेको महत्त्वपूर्ण शिक्षात्मक प्रवृत्ति भएकाले यसलाई सामाजिकशास्त्र अध्ययनको नयाँ आयाममा समेट्नु पर्ने देखिन्छ। यो परिवेशमा सामाजिकशास्त्र अध्ययनले STEM लाई मानवीय सन्दर्भ, सामाजिक प्रभाव र नैतिकताको समीक्षा गर्नुपर्ने आवश्यकता देखिन्छ।

वैश्वीकरण, उदारीकरण र बजारीकरणका प्रभावहरूले विश्व प्रणाली सिद्धान्त (World–Systems Theory) र उत्तरऔपनिवेशिक सिद्धान्त (Postcolonial Theory) ले सामाजिक विज्ञान अध्ययनमा नयाँ आयाम ल्याउन गहिरो प्रभाव पारेका छन् । विश्वप्रणाली सिद्धान्त (वालर्स्टाइन, १९७४) ले विश्वलाई केन्द्र, अर्धपरिधि र परिधिमा विभाजित गरी शक्ति, श्रम र स्रोतको असमान वितरणको विश्लेषण गर्दछ; जसले सामाजिक विज्ञानमा वैश्वीकरण, निर्भरता र विकास असमानताको आलोचनात्मक अध्ययनको आधार तयार गर्छ। अर्कोतर्फ उत्तरऔपनिवेशिक सिद्धान्त (सईद, १९७८; चक्रवर्ती, २०००) ले पश्चिमी ज्ञान प्रणालीद्वारा उपेक्षित स्थानीय, आदिवासी र उपनिवेशित समुदायहरूको आवाज पुनर्स्थापन गर्ने प्रयास गर्छ। यी सिद्धान्तहरूले सामाजिक विज्ञान अध्ययनलाई युरोपकेन्द्रित सोचबाट मुक्त गरेर समावेशी, सन्दर्भजन्य र शक्तिसम्बन्धी आलोचनात्मक विमर्शमा आधारित नयाँ दिशा प्रदान गरेका छन् ।

सामाजिक विज्ञान अध्ययनमा नयाँ आयाम निर्माण गर्ने दृष्टिकोणअनुसार सेन (१९९९) द्वारा प्रतिपादित क्षमता दृष्टिकोण (Capability Approach) का अनुसार शिक्षाले व्यक्तिको स्वतन्त्रता, विकल्प र अवसरहरू विस्तार गर्नुपर्ने हुन्छ । यो दृष्टिकोणले शिक्षा र सामाजिक संरचनालाई साधनका रूपमा मात्र नभएर व्यक्तिलाई आफ्नो जीवनको अभिप्रायअनुसार जीवनयापन गर्न सक्षम बनाउने माध्यमका रूपमा हेरेका छन् । सामाजिकशास्त्र अध्ययनको मूल उद्देश्य व्यक्ति र समुदायलाई सामाजिक न्याय, मानव अधिकार, लैङ्गिक समानता, र लोकतान्त्रिक चेतना विकास गर्न उत्प्रेरित गर्नु रहेको छ। सेनको भनाइअनुसार वास्तविक स्वतन्त्रता भनेको केवल संसाधनमा पहुँच होइन, त्यो संसाधनलाई उपयोग गर्न सक्ने क्षमता हो (सेन, १९९९)। त्यसैले सामाजिकशास्त्र अध्ययनमा समावेशीता, गरिबी न्यूनीकरण र समानताको आधारमा व्यक्तिको सम्भावना विस्तार महत्त्वपूर्ण आयाम बन्न थालेको देखिन्छ।

यसैगरी क्रेन्सशा (१९८९) को अन्तरछेदन सिद्धान्त (Intersectionality Theory) ले वर्ग, जात, लिङ्ग, भाषा, धर्म, अपाङ्गता, यौनिकता र भौगोलिक स्थानजस्ता सामाजिक पहिचानहरूबिचको अन्तर्क्रियाले कसरी बहुआयामिक उत्पीडन सृजना गर्ने कुराको विश्लेषण गरेको देखिन्छ। यो सिद्धान्तले सामाजिकशास्त्र अध्ययनलाई बहुआवाजीय, समावेशी र आलोचनात्मक बनाउने मार्ग दिएको छ। उनका अनुसार हामी जब एउटै पहिचानबाट मात्र मानिसको अनुभव गर्छौं, हामी उत्पीडनको अन्य तहहरू अस्वीकार गरिरहेका हुन्छौँ । नेपालजस्ता विविधतायुक्त देशमा जातीय, लिङ्गीय र भौगोलिक असमानता रहेका सन्दर्भमा यो सिद्धान्त विशेष सान्दर्भिक देखिन्छ।

**शैक्षिक अनुसन्धानका घटकहरूको अन्तरसम्बन्ध**




*शैक्षिक अनुसन्धानमा सिद्धान्त, अभ्यास र उद्देश्यहरूको एकीकृत दृष्टिकोण*

## *अध्ययनविधि*

यस अध्ययनमा सामाजिकशास्त्र अध्ययनमा देखिएका समसामयिक प्रवृत्तिहरू (जस्तै– डिजिटल साक्षरता, सूचना प्रविधिको प्रभाव, क्त्भ् शिक्षा र डिजाइनकेन्द्रित शिक्षाको प्रभाव) लाई गहन विश्लेषणका लागि गुणात्मक अनुसन्धान (Qualitative Research Approach) अपनाइएको छ । यो पद्धतिले सहभागीहरूको अनुभव, दृष्टिकोण तथा सामाजिक परिवेशलाई व्यापक रूपले विश्लेषण गर्न सम्भव बनाएको छ। यो अध्ययनमा गुणात्मक अनुसन्धानको ढाँचाअन्तर्गत वर्णनात्मक र विश्लेषणात्मक ढाँचा प्रयोग गरिएको छ । वर्णनात्मक दृष्टिकोणले सामाजिकशास्त्र अध्ययनमा देखिएका वर्तमान प्रवृत्तिहरू (जस्तै– डिजिटल साक्षरता, सूचना प्रविधिको उपयोग, STEM शिक्षा तथा डिजाइनकेन्द्रित शिक्षण विधिहरूको अवस्था चित्रण गर्छ। त्यस्तै विश्लेषणात्मक दृष्टिकोणले ती प्रवृत्तिहरूले सामाजिकशास्त्र ध्ययनमा पारेको प्रभाव, चुनौती तथा सम्भावनाहरूको विश्लेषण गर्न सहयोग पुर्‍याउने छ।

यो अध्ययनन त्रिभुवन विश्वविद्यालयअन्तर्गतको शिक्षा सङ्कायमा सीमित गरिएको छ। विशेषतः जहाँ M.Ed. र MPhil तहमा सामाजिकशास्त्र  विषयहरू पढाइन्छन्। काठमाडौँ उपत्यकाभित्र रहेको शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर अध्ययनको केन्द्रविन्दु रहेको छ। यद्यपि अध्ययनले विश्वव्यापी सन्दर्भ, प्रवृत्ति र नीतिहरूलाई समेत सन्दर्भका रूपमा प्रयोग गरेको छ। तर द्वितीय तथ्याङ्कहरूको सङ्कलन पद्धतिगत दस्तावेज समीक्षा (Systematic Reviews) विधिबाट गरिएको छ । गुगल अध्ययनहरू (Google scholars) का सामग्रीहरू व्यवस्थित समीक्षा र मेटा–विश्लेषणका लागि प्राथमिकता दिएका प्रतिवेदन सामग्रीहरू (Preferred Reporting Items for Systematic

Reviews and Meta–Analyses: PRISMA, 2020) बाट छनोट गरिएका छन् ।

यस अध्ययनका लागि सहभागीहरू उद्देश्यपूर्ण छनोट विधि (purposive sampling method) बाट चयन गरिएको छ । सहभागीहरूमा सामाजिकशास्त्र अध्यापन गरिरहेका शिक्षकहरू र सोही तहमा अध्ययनरत M.Ed. र MPhil विद्यार्थीहरू रहेका छन् । सहभागीको सङ्ख्या शिक्षकतर्फ ५ जना र विद्यार्थी तर्फ ७ जना रहेका छन् । सहभागी छनोट गर्दा विषयगत अनुभव, प्रविधिको प्रयोग तथा सामाजिकशास्त्र अध्ययनको सक्रिय संलग्नतालाई प्राथमिकता दिइएको छ । तथ्याङ्क सङ्कलनका लागि गुणात्मक विधिहरू प्रयोग गरिएको छ। गहिरो अन्तर्वार्ता (in–depth interview) मार्फत शिक्षक र विद्यार्थीहरूबाट व्यक्तिगत अनुभव र दृष्टिकोण सङ्कलन गरिएको छ । लक्षित समूह छलफल (FGD) मार्फत विद्यार्थीहरूको सामूहिक धारणा र बहस समेटिएको छ । यसको साथै पाठ्यक्रम, नीति दस्तावेज, डिजिटल शिक्षा कार्यक्रम र प्रविधिसम्बन्धी शैक्षिक सामग्रीहरूको दस्तावेज विश्लेषण पनि गरिएको छ; जसले अध्ययनलाई बहुपक्षीय बनाएको छ। सङ्कलित गुणात्मक जानकारीलाई विषयगत श्रेणीकरण (thematic analysis) विधिबाट विश्लेषण गरिएको छ। यस प्रक्रियामा अन्तर्वार्ता र समूह छलफलबाट आएका विचार, भाव र अनुभवहरूलाई विषयगत विधाहरूमा विभाजन गरी गहिरो विश्लेषण गरिएको छ। यसले सामाजिकशास्त्र अध्ययनमा प्रविधि, STEM शिक्षा र डिजिटाइजेसनका असरहरूका विषयमा स्पष्ट रूपमा बुझ्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

अध्ययनको विश्वसनीयता सुनिश्चित गर्न ट्रायाङ्गुलेसन प्रविधि अपनाइएको छ; जसमा अन्तर्वार्ता, समूह छलफल र दस्तावेज विश्लेषणबाट प्राप्त जानकारी आपसमा तुलना गरिएको छ । सहभागीहरूको अभिव्यक्तिको पुष्टि गर्न पृष्ठपोषण (member checking) लिने व्यवस्था गरिएको छ। यससँगै अध्ययनले विस्तृत स्थलगत अभिअध्ययनहरू तयार पार्ने, अध्ययन गर्ने र सबै प्रक्रिया व्यवस्थितरूपले दस्तावेज गरिएको छ। यो अध्ययन तयार गर्ने सम्पूर्ण प्रक्रियामा सहभागीहरूको सहमति (informed consent) प्राप्त भएको छ। उनीहरूको व्यक्तिगत जानकारी गोप्य राखिएको छ र कुनै पनि अवस्थामा निजताको उल्लङ्घन गरिएको छैन। अध्ययनका गतिविधिहरू त्रिभुवन विश्वविद्यालय शिक्षा सङ्कायको अनुसन्धान नीतिअनुसार नै सञ्चालन गरिएको छ; जसले वैज्ञानिक मर्यादा र नैतिकता सुनिश्चित गरेको छ।

## *सामाजिकशास्त्र शिक्षाको ऐतिहासिक र सैद्धान्तिक विकास*

सामाजिकशास्त्रको उद्भव र विकासले मानव समाज, दर्शन र ऐतिहासिक रूपान्तरणसँग गहिरो सम्बन्ध राखेको हुन्छ । प्रारम्भमा सामाजिकशास्त्र अध्ययनलाई प्राचीन सभ्यताहरू (ग्रीस, भारत, चीन र इस्लामिक विश्वमा) समाज, न्याय, सत्ता र व्यवहारका गम्भीर प्रश्नहरू दर्शनशास्त्रका माध्यमद्वारा विश्लेषण गरिन्थ्यो, जहाँ प्लेटो, एरिस्टोटल, कन्फ्युसियस, इब्न खालदुन र वात्सायनजस्ता चिन्तकहरूले सामाजिक चिन्तनको आधार निर्माण गरेका थिए (गुथ्री, १९८१)। तर पन्ध्रौँ–सोह्रौँ शताब्दीदेखिको उपनिवेशवादी प्रभावले एशियाली ज्ञान प्रणालीलाई कमजोर पार्दै युरोप–केन्द्रित सामाजिकशास्त्रको औपचारिक स्वरूप स्थापना गरेको देखिन्छ (सईद, १९७८; फेयरबैङ्क, १९७८) । यो युगमा यूरोपेली शक्तिहरूले उपनिवेशवाद, व्यापार, धर्म र शिक्षाजस्ता क्षेत्रहरूबाट आफ्नो विश्वदृष्टि, मूल्य र ज्ञान प्रणालीहरू एशियाली समाजहरूमा थोपरेको बताइन्छ (सईद, १९७८; थिओङे १९८६; ब्लट, १९९३; चक्रवर्ती, २०००; माजोवर, २००२; लूम्बा, २००५; अलतास, २००६)। हाल पुनः उत्तरऔपनिवेशिक सोच र स्थानिक सन्दर्भले सामाजिकशास्त्रलाई समावेशी, सन्दर्भजन्य र बहुविषयगत बनाउन योगदान पुऱ्याएको देखिन्छ।

यस सन्दर्भमा सामाजिक अध्ययन विषयका एक जना अनुभवी शिक्षक सहभागीले सामाजिकशास्त्र शिक्षामा स्थानीय सन्दर्भको गहिरो अभाव भएको उल्लेख गरेका छन्। उनले भने– हामी अहिले पनि प्लेटो, एरिस्टोटल, रुसो, मार्क्स, वेबरका नाम सिकाइरहेका छौँ। तर आफ्नै समाजका विचारक वा परम्परागत ज्ञान प्रणालीहरू पढाउने ठाउँ छैन। उनका अनुसार नेपालको सामाजिकशास्त्र अध्ययनले अझै पनि पश्चिमी ढाँचामा बनेका अवधारणा र सिद्धान्तहरूलाई

केन्द्रमा राख्छ; जसले गर्दा विद्यार्थीहरू आफ्नै समाजसँग सम्बन्धित प्रश्नको उत्तर बाह्य दृष्टिकोणले खोज्न बाध्य छन्।

उनले उदाहरणस्वरूप कन्फ्युसियस, इब्न खालदुन तथा वात्सायनको योगदानको प्रसङ्ग उठाउँदै भने– यी चिन्तकलाई हामी एउटा ऐतिहासिक पृष्ठभूमिका रूपमा मात्र पढाउँछौँ। तर नेपालका दार्शनिक, परम्परागत न्याय प्रणाली वा सांस्कृतिक संरचनालाई पाठ्यक्रममा त्यति धेरै स्थान दिन सकिरहेको देखिँदैन । उनले यो अवस्थालाई उपनिवेशी सोचको निरन्तरता मान्दै औपचारिक शिक्षा प्रणालीले स्थानिक ज्ञान, भाषिक विविधता र सांस्कृतिक दृष्टिकोणलाई बहिष्कृत गरिरहेको ठहर गरेका छन्।

*एक सहभागी छात्रका अनुसार नेपालमा सामाजिक विज्ञानको अवस्था 'डिग्री प्राप्तिको माध्यम' बन्ने हो कि 'चिन्तनको जग' बन्ने भन्ने द्विविधामा छ। युरोपकेन्द्रित चिन्तनले हामीलाई हाम्रो आफ्नै समाजलाई हेर्ने आँखै विस्थापित गराएको छ। हाम्रो पुनः संरचना शिक्षण विधि र मूल्याङ्कन प्रणाली दुवैमा हुनुपर्छ। अबको सामाजिक विज्ञान शिक्षणले सामुदायिक समस्या, लैङ्गिक हिंसा, जलवायु सङ्कटजस्ता वास्तविक मुद्दामा केन्द्रित हुनुपर्छ।*

उनको विचारमा नेपाल औपनिवेशिक प्रणालीबाट प्रत्यक्ष प्रभावित देश होइन। तर सामाजिकशास्त्र अध्ययनको पाठ्यक्रममा छिमेकी देशको प्रभाव झल्कन्छ; जहाँ स्थानीय जनताको आवाज, अनुभव तथा दृष्टिकोणलाई उचित तरिकाले समेटन सकिरहेको देखिँदैन । त्यसैले विभिन्न गाउँ र समुदायका मौलिक संरचना, जातीय सम्बन्ध, जल व्यवस्थापन, लोक व्यवस्थापन प्रणालीजस्ता सन्दर्भमा आधारित सामग्रीहरू समेटनुपर्ने देखिन्छ। उनको भनाइले सामाजिकशास्त्र अध्ययनमा ऐतिहासिक स्रोतहरूको मात्र पुनरावृत्ति नभएर स्थानीयता, समावेशिता तथा विमुक्त सोचको पुनर्स्थापनाको खाँचो स्पष्ट रूपमा उजागर गर्छ। यही कुरा सामाजिकशास्त्र अध्ययनको नयाँ आयाम तथा परिवर्तनशीलस्वरूपको आधार बन्ने सम्भावना राख्छ।

## सामाजिक अध्ययनको जगका रूपमा सामाजिकशास्त्र

नेपालमा विद्यालय तहको शिक्षामा सामाजिक अध्ययन विषयलाई सामाजिकशास्त्र अध्ययनको जगमा निर्माण गर्न अन्तर्विषयगत शिक्षाका रूपमा तयार गरेको देखिन्छ। यो परिवेशलाई राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ (National Curriculum Framework, २०१९) र माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमद्वारा स्पष्ट परिभाषित गरेको देखिन्छ। सामाजिक अध्ययनले इतिहास, भूगोल, अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, मानवशास्त्र, मनोविज्ञान आदि सामाजिकशास्त्रका विषयहरूबाट मुख्य अवधारणाहरू, सोधपुछका विधिहरू र सामाजिक मूल्यहरू समेटेर लोकतान्त्रिक चेतना, सामाजिक उत्तरदायित्व तथा नागरिकता विकास गर्न सहयोग पुऱ्याउने लक्ष्य राखेको छ (माइकेलिस र जोनस्टन, १९६५; वोङ, १९९१)। सामाजिक अध्ययनको पाठ्यक्रमले सामाजिकशास्त्रका विविध विधाबाट अवधारणाहरू लिन्छ र तिनलाई विद्यार्थीकै स्थानीय सन्दर्भ, अनुभव र समसामयिक विषयहरूसँग जोडेर प्रस्तुत गर्छ। यो एकीकृत दृष्टिकोणअन्तर्गत सामाजिक अध्ययन विषयले विद्यालय शिक्षामा समाजशास्त्र, इतिहास, भूगोल, राजनीति, अर्थशास्त्र आदि पृथक विषयका रूपमा नभएर सामाजिक यथार्थ बुझ्नका लागि संयोजनात्मक रूपमा प्रयोग गर्छ (मार्टोरेला, १९९६; सामाजिक अध्ययनका लागि राष्ट्रिय परिषद् NCSS, २०१०) । यसले विद्यार्थीहरूलाई सचेत नागरिक बनाउने उद्देश्यले उनीहरूको आलोचनात्मक सोच, सामाजिक उत्तरदायित्व र सहकार्यमा आधारित व्यवहार विकास गर्न सहयोग पुऱ्याउँछ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले सामाजिक अध्ययनलाई समाजको यथार्थ बुझ्ने, सामाजिक समस्याको समाधान खोज्ने, मानव अधिकार र लोकतान्त्रिक आचरणको अभ्यास गर्ने र दिगो विकासप्रति उत्तरदायी बन्ने व्यावहारिक क्षमता विकास गर्ने विषयका रूपमा स्थापित गरेको देखिन्छ। यसले समाजप्रतिको उत्तरदायित्व, विविधताको सम्मान र परिवर्तनशील विश्वसँग अनुकूलता विकास गर्ने उद्देश्य राखेको पाइन्छ । त्यस्तै माध्यमिक तहको पाठ्यक्रमले विद्यार्थीलाई नेपालको भौगोलिक, ऐतिहासिक, आर्थिक, राजनीतिक तथा सामाजिक संरचना बुझ्ने, तर्कशक्ति, आलोचनात्मक सोच र सहभागी अभ्यास गर्ने क्षमताहरू विकास गराउने लक्ष्य लिएको छ (राष्ट्रिय परीक्षा बोर्ड, २०२०)।

*एक सहभागी छात्राका अनुसार विद्यालयका कक्षा कोठाभित्र प्रविधि भए पनि प्रयोग छैन। इतिहास पढ्दा, उपनिवेशवादी दृष्टिकोणमै थुनिएको अनुभव हुन्छ। नेपालको ऐतिहासिक जनआन्दोलन, आदिवासी आवाज, सीमान्त समुदायका कथा हराएका छन्। म विश्वास गर्छु– नयाँ सामाजिकशास्त्र अध्ययन स्थानीय आवाजमा आधारित हुनुपर्छ।*

अन्ततः सामाजिक अध्ययन नेपालको विद्यालय शिक्षामा सामाजिकशास्त्र अध्ययनको आधारमा निर्मित नागरिक–शिक्षा केन्द्रित विषयका रूपमा तयार पारेको देखिन्छ। यसको उद्देश्य जानकारी प्रदान गर्नु मात्र नभएर सामाजिक यथार्थप्रति उत्तरदायी सोच विकास गर्नु रहेको छ। सामाजिक अध्ययनले विद्यार्थीकै परिवेशमा आधारित व्यावहारिक क्षमता, दृष्टिकोण र कौशलको विकास गरेर शिक्षालाई नागरिक सशक्तीकरणतर्फ रूपान्तरण गर्न मद्दत गर्छ। यस अर्थमा सामाजिक अध्ययन नेपाली विद्यालय शिक्षाको मूल आधारशिलाका रूपमा सामाजिकशास्त्रको कार्यान्वयनात्मक संस्करण पनि मान्न सकिन्छ।

## *डिजिटल प्रविधि र सूचना तथा सञ्चार प्रविधिको सामाजिकशास्त्र अध्ययनमा प्रभाव*

सामाजिकशास्त्र अध्ययनमा डिजिटल प्रविधि र सूचना तथा सञ्चार प्रविधि (ICT) को उदयले नयाँ आयामहरू थपेको देखिन्छ। यो प्रविधिले व्यक्ति, संस्था र समाजबिचको अन्तर्क्रिया र संरचनागत परिवर्तनमा डिजिटल साक्षरताको वकालत गरेको पाइन्छ। कास्टेल्स (२०१०) ले यसलाई नेटवर्क समाजका रूपमा चित्रण गरेका छन्। यो समाजमा सूचना तथा सञ्चार प्रविधिलाई सामाजिक संरचना, शक्ति सम्बन्ध, सांस्कृतिक अभिव्यक्ति तथा आर्थिक क्रियाकलापहरूको केन्द्रमा राखेको देखिन्छ। उनको विचारमा परम्परागत सामाजिकशास्त्र अध्ययनले पारम्परिक दृष्टिकोणलाई प्रत्यक्ष अन्तर्क्रिया, केन्द्रीय संस्था र भौगोलिक रूपमा सीमित समुदायहरूमा जोड दिन्थ्यो भने नेटवर्क समाजले विकेन्द्रीकृत, वास्तविक–समय र विश्वव्यापी नेटवर्कहरूको विश्लेषणलाई जोड दिन्छ।

*एक सहभागी शिक्षकका अनुसार डिजिटल प्रविधि प्रयोग गरेर अनुसन्धान गर्न चाहन्छु; तर डाटा, टूल्स र तालिमको अभाव छ। विषयवस्तु प्रासङ्गिक भए पनि सिकाउने तरिका परम्परागत छ। अब सामाजिक विज्ञानमा प्रविधि, कृत्रिम बौद्धिकता (AI), जलवायु नीतिजस्ता विषयहरू अनिवार्य बन्नुपर्छ।*

डिजिटल नेटवर्कहरूको विकासले समुदायको पहिचान, सुशासन र सामाजिक परिवर्तनका क्षेत्रमा प्रतिपादित वर्तमान सिद्धान्तहरूलाई सिमाना पारको बसाइँसराइ, नयाँ प्रकारका एकीकरण, सहकार्य र प्रतिरोधका रूपहरूले चुनौती दिइरहेको पाइन्छ। यसको फलस्वरूप सामाजिकशास्त्र अध्ययनले भर्चुअल समुदाय, डिजिटल पूँजी, एल्गोरिद्मिक शासन र तथ्याङ्कमा आधारित निर्णयका प्रभावहरूलाई समेत अध्ययन गर्न थालेको देखिन्छ। वैश्विक प्रणालीको आपसमा जडान (global connectivity), सञ्चार प्रणाली र सामाजिक अन्तर्क्रियामा आएको नयाँ रूपले सामाजिकशास्त्र अध्ययनको क्षेत्र पनि फराकिलो बनाउँदै लगेको देखिन्छ (कास्टेल्स, २०१०)। यसले व्यापार, सूचना प्रवाह, प्रविधिको विकास, सांस्कृतिक आदानप्रदान र राजनीतिक समन्वयलाई समेटेको छ। बिसौँ र एक्काइसौँ शताब्दीसम्ममा प्रविधि र यातायातको क्षेत्रमा विकसित नेटवर्कहरूले विश्वलाई आपसमा अझ नजिक ल्याएको छ; जसले वैश्विक अर्थव्यवस्था तथा संस्कृति निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ।

यो सन्दर्भमा सामाजिक अध्ययन विषयका शिक्षक र विद्यार्थी दुवै सहभागीहरूले डिजिटल प्रविधि र सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सामाजिकशास्त्र शिक्षामा ल्याएको स्पष्ट रूपान्तरण स्वीकार गरेका छन्। उनीहरूका अनुसार अहिले विद्यार्थीलाई नेपालका नदी प्रणाली वा ग्रामीण समाज संरचना पढाउँदा पाठ मात्र नभएर GIS नक्शा, युट्युब भिडियो र इन्टरएक्टिभ टुलहरू देखाएर बुझाउन सकिन्छ। यसरी सिकाइमा डिजिटल माध्यमको प्रयोगले सामाजिकशास्त्र अध्ययनलाई दृश्यात्मक, सजीव र आकर्षक बनाएको देखिन्छ। त्यस्तै एक स्नातकोत्तर तहकी विद्यार्थीले आफ्नो अनुभव यसरी सुनाइन्– कोरोना महामारीपछिको अनलाइन शिक्षाले हामीले घरमै बसेर शिक्षा लिने अवसर पाएका छौँ, स्रोतहरूको खोज्न र प्रयोग गर्न पाएका छौँ। उदाहरणका लागि सामाजिकशास्त्रका

विभिन्न विषयहरू समेटेर सामाजिक अध्ययनमा पढिरहेको छौँ, यो सबै डिजिटल प्रविधिले सम्भव बनाएको हो । यसले हामीलाई औपचारिक कक्षाकोठाको सीमाभन्दा बाहिर ल्याएको छ। उनका अनुसार डिजिटल प्रविधिले अध्ययनमा पहुँच, गति र वैविध्यता थपेको देखिन्छ। शिक्षक र विद्यार्थी दुवैले डिजिटल प्रविधिले सामाजिकशास्त्र शिक्षामा सकारात्मक र नकारात्मक दुवै रूपान्तरणहरू ल्याएको स्पष्ट पारेका छन् । उनीहरूले दृश्यात्मकता, स्रोतको विविधता र पहुँच विस्तारको सम्भावना सँगसँगै डिजिटल विभाजन, आलोचनात्मक सोचको क्षरण र तालिमको अभावजस्ता चुनौतीहरू विद्यमान रहेको बताएका छन् । यस्तो अवस्थामा ICT प्रयोगलाई सन्तुलित र सन्दर्भअनुकूल रूपमा समावेश गर्न नीति, तालिम र स्रोत विकास अपरिहार्य देखिन्छ।

## *सामाजिकशास्त्र अध्ययनमा STEM शिक्षा र डिजाइन प्रविधिको प्रभाव*

STEAM शिक्षा (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) एक अन्तर्विषयगत शिक्षण दृष्टिकोण हो, जसले यी पाँच विषयलाई एकआपसमा एकीकृत गरेर समस्यामुखी र सृजनात्मक सिकाइ प्रवर्द्धन गर्न जोड दिन्छ। यो शिक्षाले परम्परागत रटानमुखी सिकाइभन्दा फरक ढङ्गले विद्यार्थीलाई आलोचनात्मक सोच, नवप्रवर्तन र सहयोगात्मक समाधान गर्ने क्षमता विकास गर्न मद्दत पुऱ्याउँछ । २१ औँ शताब्दीमा प्रविधिको तीव्र विकास, वातावरणीय चुनौती र रोजगारीको रूप परिवर्तन भइरहेको छ। STEAM शिक्षाले सृजनशीलता, डिजिटल साक्षरता, तार्किक विश्लेषण र डिजाइन सोचजस्ता सिपहरू निर्माण गरेर विद्यार्थीलाई भावी जीवन र कार्यक्षेत्रका लागि तयार पार्न मद्दत गर्दछ। यसका साथै यसले शिक्षामा समावेशिता र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्दै विविध पृष्ठभूमिका विद्यार्थीलाई प्रविधि र नवप्रवर्तनतर्फ आकर्षित गर्ने लक्ष्य राखेको देखिन्छ। त्यसैले STEAM शिक्षालाई २१ औँ शताब्दीमा गुणस्तरीय, समावेशी र भविष्यमुखी शिक्षाको आधाशिला तयार गर्ने माध्यमका रूपमा हेर्न थालिएको छ।

*एक सहभागी छात्रका अनुसार सामाजिकशास्त्रको अध्ययन लैङ्गिक समावेशीता अझै अध्यायनमा सीमित छ, जीवनशैली अथवा प्रणालीमा होइन । छात्राहरूको अनुभूति, सीमान्त महिलाहरूको कथा र जमीनी सङ्घर्षको अभिलेखीकरण जरुरी छ। नयाँ सामाजिकशास्त्र अध्ययन आवाजविहीनहरूको आवाज बन्न सक्नुपर्छ*

यो सन्दर्भमा सामाजिकशास्त्र अध्ययनमा शिक्षक र विद्यार्थीहरूले यो शिक्षाको बढ्दो प्रभावले सामाजिकशास्त्रका विषयहरू ओझेलमा परेको गुनासो गरेका छन्। एक जना माध्यमिक तहमा कार्यरत एम.फिल तहका विद्यार्थीको अनुभवमा– विद्यालयमै अभिभावकहरू बच्चालाई इन्जिनियर बनाउनुपर्छ; डाक्टर बनाउनुपर्छ भनेर कर गर्छन्। समाजशास्त्र, राजनीति, भूगोल पढ्ने विद्यार्थीप्रति उपेक्षा देखिन्छ । उनका अनुसार विद्यालय प्रशासन पनि विज्ञान विषयका विद्यार्थीको ब्राण्डिङ गर्न व्यस्त हुन्छ; तर सामाजिक अध्ययनका कक्षाका बारेमा गम्भीर भएर सोच्दैन । एक स्नातकोत्तर तहका विद्यार्थीले पनि यस्तै धारणा प्रस्तुत गर्दै भने– मैले सामाजिक अध्ययन विषय रोज्दा मेरा आफन्तहरूले सोधे—यसबाट जागिर पाइन्छ त? यस्तो सोच अझै पनि समाजमा व्यापक छ। उनले बताएअनुसार सामाजिकशास्त्र अध्ययनलाई प्रेरणादायी विषय होइन, विकल्प नपाएर रोजिएको विषय भन्ने धारणा समाजमा प्रचलित रहेको देखिन्छ। अर्का एक विद्यार्थीले भने– हाम्रो विश्वविद्यालयमा पनि सामाजिकशास्त्र अध्ययनको प्रयोगात्मक अभ्यासका तुलनामा प्रविधिमूलक विषयहरूमा लगानी, उपकरण र प्रवर्धन धेरै हुन्छ।

यसैगरी सहभागीहरूका अनुसार उच्च शिक्षामा नयाँ विषयहरूको उदयले सामाजिकशास्त्र अध्ययनसँग सम्बन्धित सृजनात्मक पक्षहरू समेत प्रविधिमा तानिएको उल्लेख गरेका छन्। अब कला, संस्कृति, मानव व्यवहारमा समेत डिजाइन, एआई वा डेटा एनालिटिक्ससमार्फत व्याख्या गरिन्छ। मानवकेन्द्रित सोचलाई प्रविधिकेन्द्रित प्रणालीले विस्थापित गरिरहेको छ भन्ने उनीहरूको तर्क रहेको छ। तर यो प्रविधिको पहुँच, प्रयोग गर्ने क्षमता तथा व्यवहारमा गहिरो असमानता रहेको पाइन्छ । ग्रामीण क्षेत्र, सरकारी विद्यालय अथवा साधन अभावमा रहेका समुदायहरूमा

डिजिटल पहुँच सीमित हुँदा सामाजिक विज्ञानको अध्ययनमा डिजिटल विभाजन देखिएको छ। केही विद्यार्थी र शिक्षकहरू डिजिटल उपकरण, इन्टरनेट र आवश्यक सिपको अभावमा पछाडि परिरहेका छन्, जसले शैक्षिक असमानतालाई थप गहिरो बनाइरहेको छ (डिमाजियो र हार्गिटाई, २००१)। यसले डिजिटल साक्षरता र प्रविधिको न्यायपूर्ण वितरणलाई सामाजिक विज्ञान शिक्षाको रूपान्तरणका लागि अपरिहार्य बनाएको छ।

## विश्वव्यापीकरण, उदारीकरण र बजारीकरणले सामाजिकशास्त्र शिक्षामा पारिरहेको प्रभाव

वैश्विकरणले सामाजिकशास्त्र अध्ययनमा गहिरो प्रभाव पारेको देखिन्छ। यसले सामाजिकशास्त्र अध्ययनको क्षेत्र व्यापक बनाउँदै विविध विषयबिचको अन्तर्क्रियालाई आवश्यक बनाइरहेको छ। बसाइँसराइ, जलवायु परिवर्तन, विश्वव्यापी असमानता, मानव अधिकार, महामारी, डिजिटल प्रविधि र अन्तर्सांस्कृतिक सम्बन्धजस्ता विषय सामाजिकशास्त्र अध्ययनको नयाँ आयामका रूपमा उभिएका देखिन्छन्। यस्ता विषयहरूको अध्ययन गर्न अन्तर्देशीय तुलना, अन्तर्विषयगत दृष्टिकोण र समग्र विश्व सन्दर्भलाई बुझ्न आवश्यक छ। वैश्विकरणले पश्चिमी विचारधाराको आलोचना र स्थानीय र आदिवासी ज्ञान प्रणालीहरूको पुनर्मूल्याङ्कन गर्न आवश्यकता देखाएको छ । अब सामाजिकशास्त्र अध्ययनले औपनिवेशिक सोचको विमोचनलाई जोड दिँदै स्थानीय सन्दर्भमा आधारित अनुसन्धान प्रवर्द्धन गर्नुपर्ने आवश्यकता बढाउँदै ल्याएको देखिन्छ। साथै सामाजिकशास्त्र अध्ययनले वैश्विक नागरिकता, समावेशिता, दिगोपन र मानवता केन्द्रित सोचलाई प्राथमिकता दिइरहेको देखिन्छ। यसैले वैश्विकरणले सामाजिकशास्त्रलाई अझ जटिल, अन्तरसम्बद्ध, समसामयिक र सन्दर्भजन्य बनाउँदै लगेको देखिन्छ।

> *एक सहभागी छात्राका अनुसार हामी 'शिक्षा=जागिर' भन्ने सोचमा छौँ। तर सामाजिकशास्त्रको भूमिका त 'सजग समाज' निर्माण गर्नु हो। यो अध्ययनले समानता, न्याय, अधिकार र सहभागितामा आधारित सोच बनाउन सक्नुपर्छ। समसामयिक सामाजिक आन्दोलनहरू सामाजिकशास्त्रको शिक्षण सामग्री बन्नुपर्छ।*

यसै सन्दर्भमा सहभागीहरूले विश्वव्यापीकरणले सामाजिकशास्त्र अध्ययनमा ज्ञान आदानप्रदान, अनुसन्धान, सहकार्य र अन्तर्राष्ट्रिय सन्दर्भ समावेशजस्ता सकारात्मक प्रभावहरू ल्याएको उल्लेख गरेका छन्। एक शिक्षकका अनुसार हामी पहिले नेपाल केन्द्रित अध्ययनमै सीमित थियौँ, अब भने विश्वकै सामाजिक संरचना, आन्दोलन, नीति र अभ्यासहरू तुलनात्मक रूपमा पढ्न पाइन्छ। उनका अनुसार यस्ता अनुभवहरूले विद्यार्थीमा वैश्विक नागरिकताको चेतना विकास गरेको छ। तर अर्कोतिर सहभागीहरूले बजारीकरण र उदारीकरणका कारण सामाजिकशास्त्र अध्ययनको मौलिकता, समावेशिता तथा सार्वजनिक उत्तरदायित्वमा आघात पुगेको अनुभव पनि बाँडेका छन्। उनीहरूका अनुसार आजभोलि विश्वविद्यालयको मूल ध्यान ज्ञान उत्पादन नभएर बजारमा प्रतिस्पर्धा गर्न मिल्ने प्रोडक्ट बनाउनेमा केन्द्रित भएको छ। यसले सामाजिकशास्त्र अध्ययनलाई प्रयोगात्मक वा व्यावसायिक नदेख्ने भएकाले यो विषयलाई लगानी योग्य वा रोजगारीमुखी बनाउन नसकेकाले विद्यार्थी सङ्ख्या पनि घटाएको देखिन्छ।

निजी विश्वविद्यालयहरूको प्रभावका विषयमा पनि केही सहभागीहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। उनीहरूका अनुसार निजी विश्वविद्यालयले STEM, बिजनेस वा आईटीजस्ता विषयमा चासो राख्छन्, तर सामाजिकशास्त्र विषयलाई आर्थिक रूपमा टिकाउ नसम्झिएर पछडि पार्छन्। यसका साथै अन्तर्राष्ट्रिय रेटिङ प्रणालीको आलोचना गर्दै भने– रैङ्किङको मापन अनुसन्धानको गुणस्तर नभएर पैसाले गरिन्छ; बजेट र इन्टेकले विश्वविद्यालयको नाम बढ्छ। यसले सामाजिकशास्त्रको मूल्याङ्कनलाई गलत दिशामा मोडेको छ।

यी भनाइहरूले सामाजिकशास्त्र अध्ययनलाई व्यक्तिको सशक्तिकरण, समावेशी दृष्टिकोण र न्यायकेन्द्रित समाज निर्माण गर्ने दिशामा नयाँ आयाम प्रदान गर्छन्। यो सन्दर्भमा सेन (१९९९) को व्यक्तिकेन्द्रित विकास तथा क्रेन्सशा (१९८९) को बहुविध उत्पीडनसम्बन्धी विश्लेषणले सामाजिकशास्त्र अध्ययनलाई परम्परागत संरचना तथा

विचारधाराबाट अघि बढाउँदै नवीन, सान्दर्भिक र उत्तर–औपनिवेशिक रूपमा पुनर्निर्माण गर्न सहयोग पुऱ्याएको देखिन्छ।

## नेपालमा आदिवासी ज्ञानको सीमान्तीकरणः द्दसामाजिकशास्त्र अध्ययनको नयाँ आयाम

नेपालसहित दक्षिण एशियाली देशहरूमा सामाजिकशास्त्र अध्ययनलाई पश्चिमी औपनिवेशिक चिन्तनको गहिरो प्रभाव परेको देखिन्छ; जसले आदिवासी ज्ञान प्रणालीको उपेक्षा तथा सीमान्तीकरण गरेको छ। औपनिवेशिक युग अघि नै एशियाली दर्शन (जस्तै– कन्फ्युसियन नैतिकता, हिन्दू राजनीतिक चिन्तन, इस्लामिक न्यायशास्त्र र बौद्ध आर्थिक मूल्यहरू) स्थानीय समाजमा सक्रिय थिए, जसले स्थायित्व, सहकार्य र नैतिक व्यवस्था कायम राखेका थिए। तर औपनिवेशिक शक्तिहरूले यी ज्ञान प्रणालीहरूलाई 'पूर्वआधुनिक' र 'अविकसित' का रूपमा हेरेर अवमूल्यन गरेको देखिन्छ ( फेयरबैङ्क, १९७८; हार्वे, १९९०; डर्क्स, २००१)। नेपालमा यस्ता परम्परागत शिक्षा र सामाजिक व्यवस्थाहरू (गुरुकुल, गुम्बा, मदरसा प्रणाली) लाई पश्चिमी शिक्षा मोडल –अङ्ग्रेजी स्कुल प्रणाली) ले विस्थापित गऱ्यो ( ब्राउन,१९९२; रोबिन्सन, २००४)। यसको फलस्वरूप सामाजिकशास्त्र अध्ययनको औपचारिक अभ्यासमा स्थानिक ज्ञान, भाषा, मूल्य तथा अनुभवजन्य प्रणालीहरूको योगदान ओझेलमा पऱ्यो र यो आजसम्म पनि शिक्षाको मूलप्रवाहमा फर्कन सङ्घर्षरत देखिन्छ। सामाजिकशास्त्र अध्ययनका परम्परागत पश्चिमी अनुशासनहरू (जस्तै–समाजशास्त्र, राजनीतिशास्त्र, इतिहास) प्रायः युरोप केन्द्रित सैद्धान्तिक ढाँचामा आधारित हुँदा नेपालजस्ता बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा उपयुक्त हुँदैनन्। यसले गर्दा आदिवासी, दलित, मधेसी, जनजाति र सीमान्तीकृत समुदायहरूको सामाजिक यथार्थ समेट्न सक्ने वैकल्पिक दृष्टिकोणको खाँचो परेको देखिन्छ।

यसै सन्दर्भमा आजको सामाजिकशास्त्र अध्ययनमा उपनिवेश विमोचन (decolonization) को आवाज बढिरहको देखिन्छ; जसले आदिवासी ज्ञान, मौखिक परम्परा, समाजकेन्द्रित दर्शन र परम्परागत प्रणालीहरूलाई सामाजिकशास्त्र अध्ययनको पाठ्यक्रम र अनुसन्धानको मूलप्रवाहमा ल्याउने प्रयत्न गरिरहेको छ। नेपालमा यस्ता पहलहरूलाई औपचारिक शिक्षामा समेट्न सकेमा सामाजिकशास्त्र अध्ययनले स्थानीय सन्दर्भमा आधारित, सहभागितामूलक र बहुसांस्कृतिक रूपमा समावेशीताजस्ता नयाँ आयाम पाउन सक्ने देखिन्छ। यसैले आदिवासी ज्ञानको सीमान्तीकरणमाथि आलोचनात्मक दृष्टिकोण राख्नु र त्यसको पुनर्स्थापना गर्नु सामाजिकशास्त्र अध्ययनको नवीनतम र आवश्यक आयाम हो, जसले सामाजिक न्याय, समावेशिता र दिगो भविष्यको मार्ग खोल्न मद्दत मात्र नगरेर स्थानीय ज्ञान प्रणालीको सशक्तिकरण गर्दै नेपाली समाजको विविधताको यथार्थ अध्ययनमा पनि ठुलो योगदान पुऱ्याउन सक्छ।

## सामाजिकशास्त्र अध्ययन शिक्षणमा सुधारका सम्भावना र रणनीति

सामाजिकशास्त्रमा देखिएका वर्तमान चुनौतीका रूपमा रहेका वैश्विकरणको प्रभाव, पश्चिमी विचारधाराको प्रभुत्व, स्थानिक ज्ञानको उपेक्षा र अन्तर्विषयगत समन्वयको अभावलाई सम्बोधन गर्न केही महत्त्वपूर्ण सुझावहरू अपनाउनु पर्ने देखिन्छ। यसमा पहिलो, सामाजिकशास्त्रको पाठ्यक्रमलाई स्थानिक सन्दर्भमा आधारित बनाउँदै आदिवासी, परम्परागत र अनुभवजन्य ज्ञान समावेश गर्नुपर्छ। दोस्रो, शिक्षणविधिमा अन्तर्विषयगत दृष्टिकोण, परियोजनामा आधारित सिकाइ, स्थलगत अध्ययन र समाजसँगको प्रत्यक्ष अन्तर्क्रियालाई प्राथमिकता दिनु उपयुक्त हुन्छ। तेस्रो, सामाजिकशास्त्र अध्ययनमा शिक्षक र अनुसन्धानकर्तालाई ICT, डिजिटल साक्षरता र नवीन अनुसन्धान प्रविधिहरूमा सक्षम बनाउन तालिम र स्रोतहरूको व्यवस्था गर्नुपर्छ। चौथो, पाठ्यक्रम विकास र नीतिनिर्माण प्रक्रियामा विविध समुदायका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गर्नुपर्छ; जसले समावेशिता र सान्दर्भिकता बढाउँदछ। अन्ततः सामाजिकशास्त्रको पुनर्जीवनका लागि डिकोलोनाइजेशनको दृष्टिकोणलाई शिक्षाको मूलप्रवाहमा समेट्दै वैश्विक तथा स्थानीय ज्ञानबिच सन्तुलन ल्याउनुपर्दछ।

यो सन्दर्भमा शिक्षक र विद्यार्थी दुवैले सामाजिकशास्त्र

अध्ययनलाई समसामयिक र सन्दर्भअनुकूल बनाउने विविध उपायहरूबारे स्पष्ट धारणा व्यक्त गरेका छन्। उनीहरूका अनुसार हामीकहाँ अझै पनि पाठ्यपुस्तकमै सीमित शिक्षण भइरहेको छ। तर अब स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकास गर्ने समय आएको छ। उदाहरणका लागि भूगोल, इतिहास, राजनीति र समाजशास्त्रजस्ता विषयहरूलाई अन्तर्विषयगत तरिकाले जोडेर पढाउने हो भने विद्यार्थीमा विश्लेषणात्मक क्षमता बढ्ने विश्वास व्यक्त गरेका छन्। सामाजिक विज्ञान शिक्षालाई प्रभावकारी बनाउन शिक्षकको क्षमता अभिवृद्धि र निरन्तर व्यावसायिक विकास अत्यन्तै आवश्यक छ। सामाजिक विज्ञान पढाउने शिक्षकहरूलाई नवीनतम शोध, सूचना तथा सञ्चार प्रविधि अन्तर्क्रियात्मक शिक्षण विधि र बहुविषयगत दृष्टिकोणबारे नियमित रूपमा तालिम प्रदान गरिनुपर्छ। यस्ता तालिमहरूले उनीहरूलाई विषयवस्तुको गहिरो ज्ञान मात्र नभएर नयाँ प्रविधि तथा नवाचारलाई कक्षा कोठामा उपयोग गर्न सक्ने क्षमता पनि प्रदान गर्छ। साथै शिक्षकहरूले आलोचनात्मक सोच, समावेशिता, बहुसांस्कृतिक दृष्टिकोण र नागरिक चेतनालाई प्रोत्साहन गर्न सक्ने शिक्षणशैलीको अभ्यास गर्न आवश्यक छ; जसले सामाजिक न्याय र उत्तरदायित्वपूर्ण नागरिक विकासमा सकारात्मक योगदान दिन सक्छ।

## *निष्कर्ष*

यस अध्ययनबाट सामाजिकशास्त्र अध्ययनमा समसामयिक विश्वसन्दर्भ, सान्दर्भिकता, सामाजिक सम्बन्धहरू जटिल र चुनौतीपूर्ण बन्दै गएको देखिएको छ। इतिहास, भूगोल, राजनीतिशास्त्र, समाजशास्त्र, अर्थशास्त्र, मनोविज्ञान आदि विषयहरूमार्फत मानव व्यवहार, सम्बन्ध र सामाजिक संरचनाको वैज्ञानिक अध्ययन गर्ने सामाजिकशास्त्र अध्ययनले विश्वव्यापीकरण, औपनिवेशिक चिन्तन, प्रविधिको विकास र स्थानिक ज्ञानको विमोचनजस्ता मुद्दाहरूसँग जुध्न थालेको छ। सामाजिकशास्त्र अध्ययनमा युरोपकेन्द्रिक सोचको विमोचन गर्दै आदिवासी र स्थानिक ज्ञानको पुनर्मूल्याङ्कन गर्नुपर्ने देखिएको छ। यो सन्दर्भमा चक्रवर्ती (२०००) को 'युरोपलाई प्रादेशिक बनाउनु' भन्ने प्रस्तावनाले जनाएझैँ विश्वज्ञान प्रणालीमा विकासशील देशहरूको आवाज सम्बोधन गर्न र सामाजिकशास्त्र अध्ययनलाई बहुसांस्कृतिक तथा बहुचिन्तनात्मक ढाँचामा पुनर्संरचना गर्नुपर्ने देखिन्छ। डिजिटल प्रविधिको प्रयोगले शिक्षण विधिमा रूपान्तरण ल्याएको छ भने अर्कोतर्फ ग्रामीण र सीमान्तीकृत समुदायमा पहुँचको असमानताले अझै चुनौती खडा गरिरहेको छ। यो अध्ययनले सामाजिकशास्त्र अध्ययनलाई समसामयिक बनाइराख्न पाठ्यक्रम, शिक्षणशैली र अनुसन्धान प्रविधिमा स्थानीय सन्दर्भ, अन्तर्विषयगत समन्वय तथा समावेशी दृष्टिकोण आवश्यक रहेको देखाएको छ। त्यसैले सामाजिकशास्त्र अध्ययनको नवीनताका लागि स्थानिक ज्ञानको पुनर्मूल्याङ्कन, ICT को प्रभावकारी प्रयोग, शिक्षणमा प्रयोगात्मक र सहभागीविधिको उपयोग र नीति निर्माणमा विविधताको प्रतिनिधित्व अपरिहार्य भएको छ। सामाजिक न्याय, लोकतान्त्रिक चेतना र दिगो विकासको सुनिश्चितताका लागि सामाजिकशास्त्र अध्ययनलाई अझ मजबुत, सान्दर्भिक र स्थानिक बनाउनु पर्दछ। निष्कर्षमा सामाजिकशास्त्र अध्ययनमा सुधार ल्याउन स्थानिक सन्दर्भको समावेश, प्रविधिमैत्री शिक्षण, परियोजनामा आधारित अध्ययन र नीति तहमा विज्ञको प्रतिनिधित्व हुनुपर्दछ। यी उपायहरूले सामाजिकशास्त्र अध्ययनलाई व्यवहारमा उपयोगी, समावेशी र परिवर्तनमुखी बनाउन सकिन्छ।

## *सन्दर्भ सामग्रीहरू*


अलतास, सायेद फारिद (२००६). *एशियाली सामाजिकशास्त्र मा वैकल्पिक विमर्शः युरोपकेन्द्रित दृष्टिकोणप्रति प्रतिक्रियाहरू.* सेज प्रकाशन।

आउट्रम, डी. (२०१३). *प्रकाश युग.* क्याम्ब्रिज युनिवर्सिटी प्रेस।

कास्टेल्स, एम. (२०१०). *नेटवर्क समाजको उदय.* विली–ब्लैकवेल।

क्यासिडी, ह्यारोल्ड जी., द साइन्सेस एण्ड द आर्ट्स (न्यूयोर्कः हार्पर एण्ड रो, १९६२). *विज्ञान र कला बिच समानता र भिन्नता; विषयहरू बिचको सम्बन्ध।*

क्रेन्सशा, किम्बरली (१९८९). *जात र लिङ्गको अन्तरसांधिभन्दा उत्पन्न हुने सीमान्तीकरण.* युनिभर्सिटी अफ सिकागो।

गिडेन्स, ए. (१९८४). *द कन्स्टिट्युशन अफ सोसाइटीः आउटलाइन अफ द थियरी अफ स्ट्रक्चुरेसन.* युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस।

गिडेन्स, ए. (२००६). *समाजशास्त्र.* पालिटी प्रेस।

गुथ्री, डब्लु, के. सी. (१९८१). *सोफिस्टहरू.* क्याम्ब्रिज युनिवर्सिटी प्रेस।
गुहा, रणजिता (१९८२). *सबअल्टर्न अध्ययन*१: दक्षिण एसियाली इतिहास र समाजमा अध्ययनन।
चक्रवर्ती, दिपेन्द्र, (२०००). *युरोपलाई प्रादेशिक बनाउने प्रयासः उत्तरऔपनिवेशिक चिन्तन र ऐतिहासिक भिन्नता.* प्रिन्स्टन प्रकाशक।
जोशी, एम. (२०१९). 'सामाजिक अध्ययन शिक्षा र विविधता र समावेशीकरण'. *जर्नल अफ मल्टिकल्चरल एजुकेशन.* १३ (३). १४५–१६०।
टर्नर, जे. एच. (१९९३). *सामाजिक सिद्धान्तको संरचना.* वाड्सवर्थ पब्लिशिङ।
टर्नर, जे.एच. (२००१). 'संज्ञानात्मक विज्ञान र सामाजिक समाजको अध्ययन'. *जर्नल अफ सोशल स्ट्रक्चर.* २(१). ५४–६६।
टम्बय, एम. (२००८). 'के उनीहरूलाई पर्याप्त ज्ञान हुनेछ? एकीकृत सामाजिकशास्त्र पढाउनका लागि प्रि–सर्भिस प्राथमिक शिक्षकहरूको ज्ञान आधार'. *अष्ट्रेलियन शिक्षक शिक्षा पत्रिका.* ३३ (६). ४४–६०।
डिमाजियो, पा'ल र हारगिटाई, इस्प (२००१). *डिजिटल असमानताः पहुँच, प्रयोग र प्रभावका भिन्नता.* प्रिन्सटन विश्वविद्यालय।
थिओङ, ओ., र न्गुगी, वा (१९८६). *मनको उपनिवेशमुक्तिः अफ्रिकी साहित्यमा भाषाको राजनीति.* हाइनमान।
नसबाम, एम. सी. (२०१०). *नाफाको लागि होइनः प्रजातन्त्रलाई मानविकी किन आवश्यक छ ?.* प्रिन्सटन विश्वविद्यालय प्रेस।
पन्त, कृष्ण (२०१८). *सामाजिक अध्ययनका सिद्धान्त र अभ्यास.* शैक्षिक प्रतिष्ठान।
लाइवब्यर्ज, बी. (२००१). *सामाजिकशास्त्रलाई अर्थपूर्ण बनाउने : किन सामाजिक अनुसन्धान असफल हुन्छ र सफल कसरी हुन सक्छ.* क्याम्ब्रिज विश्वविद्यालय प्रेस।
लाइभब्जर्ग, बी., ल्यान्डम्यान, टी., र श्राम, एस. (२०१२). *वास्तविक सामाजिकशास्त्र : लागु गरिएको प्रोनिसिस.* केम्ब्रिज युनिवर्सिटी प्रेस।
ब्लट, जे. एम. (१९९३). *संसारको उपनिवेशवादी दृष्टिकोणः भौगोलिक प्रसारणवाद र युरोपकेन्द्रित इतिहास.* गिलफोर्ड प्रेस।
ब्राउन, डी. (१९९२). *आधुनिक चीनमा कन्फ्युसियन पुनरुत्थानः छिङ राजवंश सुधार आन्दोलनको अध्ययन.* प्रकाशक
बेरेल्सन, बर्नार्ड (सम्पादक) (१९६३). 'बिहेभियरियल साइन्सेसमा वर्तमान रुचिहरूको समीक्षा'. द *बिहेभियरियल साइन्सेस टुडे.* बेसिक बुक्स।
भाम्बरा, जी. के. (२००७). *पुनर्विचार आधुनिकताः पोस्ट औपनिवेशिकता र समाजशास्त्रीय कल्पना.* पाल्ग्रेभ म्याकमिलन।
माइकेलिस, जोन, जोनस्टन, यु. र मोंटगोमरी, ए. (सम्पा.) (१९६५). *सामाजिकशास्त्र हरूः सामाजिक अध्ययनको आधारहरू.* एलीन एन्ड बेकन, इन्क।
माजोवर, मार्क (२००२). *बाल्कनको संक्षिप्त इतिहास.* मोर्डन लाइब्रेरी क्रोनिकल्स।
मार्टोरेला, पी. एच. (१९९६). *माध्यमिक र उच्च माध्यमिक विद्यालयहरूमा सामाजिक अध्ययन शिक्षण.* प्रेन्टिस हल।
मेहता, हरि प्रसाद (२०२०). *सामाजिकशास्त्र र यसको महत्त्व.* नेपाल प्रकाशन।
याकम्यान, जी (२००८). *एसटीईएएम शिक्षा रूपरेखा.* स्टीम एजुकेशन अर्गनाइजेशन।
युसनल्दी, य., नुग्रोहो, पी., र प्रातमा, बी. आर. (२०२४). 'आधुनिक सामाजिकशास्त्र अनुसन्धानमा सन्दर्भ–आधारित र परावर्तक आयामहरू'. *एशियन सोशल साइन्स जर्नल.* २० (२). ५५–७०।
राष्ट्रिय परीक्षा बोर्ड (२०७७). *माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रम.* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।
रोबिन्सन, एफ. (२००४). *इस्लामिक सभ्यता र उपनिवेशवादः मुस्लिम संसारमा पश्चिमी शिक्षाको प्रभाव.* प्रकाशक
रेप्को, ए. एफ., स्जोस्टाक, आर. र बुचबर्गर, एम. पी. (२०१६). *अन्तर्विषय अध्ययनको परिचय.* सेज प्रकाशन।
वालरस्टिन, इमानुएल (१९७४). *आधुनिक विश्व प्रणाली.* एकेडेमिक प्रेस।
वोङ, एस. वाई. (१९९१). 'सामाजिकशास्त्र शिक्षणको विकास, १९००–८६ः एक अन्तर्राष्ट्रिय अध्ययन'. *शैक्षिक समाजशास्त्र.* ६४ (१). ३३–४७।
लूम्बा, अनुपमा (२००५). *उपनिवेशवाद/उत्तर–उपनिवेशवाद.* राउटलिज।
लाम, सी. र लिडस्टोल, जे. (२००१). 'ब्रिसबेन माध्यमिक विद्यालयहरूबाट नयाँ एकीकृत सामाजिकशास्त्र पाठ्यक्रम कार्यान्वयनः केस अध्ययनहरू'. *एजुकेशनल जर्नल.* २९(२). ६१–८३।
सईद, एडवर्ड डब्ल्यू. (१९७८). *ओरिएन्टालिज्म.* प्यान्थियोन बुक्स।
संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन युनेस्को (१९८४). *सामाजिकशास्त्र र एशिया प्रशान्तमा.* युनेस्को।
सामाजिक अध्ययनका लागि राष्ट्रिय परिषद् (२०१०). *सामाजिक अध्ययनका लागि राष्ट्रिय पाठ्यक्रम मापदण्डः शिक्षण, सिकाइ र मूल्याङ्कनका लागि एक रूपरेखा.* NCSS।
सेन, अमर्त्य (१९९९). *स्वतन्त्रताको रूपमा विकास.* न्यूयोर्क : अल्फ्रेड ए. नोफ।
शर्मा, गोविन्दप्रसाद (२०२४). 'मानविकी तथा सामाजिक शास्त्र संकायको वर्तमान संरचना र महाविद्यालयको आधार'. *त्रिभुवन विश्वविद्यालय वार्षिक दिवस प्रकाशन.* पृ. १५—२३, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर।
शर्मा, वि.के र शुक्ला, भि. के. (२०२३). 'माध्यमिक विद्यालयमा सामाजिकशास्त्र को सन्दर्भमा शिक्षामा अन्तर्विषयगत दृष्टिकोण'. *जर्नल अफ एजुकेशन.* १२(१). ४१–५१।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६). *राष्ट्रिय पाठ्यक्रम रूपरेखा.* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र।
हण्ट, ई. एफ., र कोलान्डर, डी. सी. (२०१६). *सामाजिकशास्त्र : समाज अध्ययनको परिचय.* पिअर्सन।
ह्यामर्स्ली, एम. (२०१३). *अनुसन्धानमा आधारित नीति र अभ्यासको मिथक.* सेज पब्लिकेसन्स।